## बैठक नं. ११

आज मिति २०७९ पौष १९ गते दिनको ३:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्यूको अध्यक्षतामा, नगर कार्यपालिका बैठक, नगरपालिकाको बैठककक्षमा देहाय बमोजिमको उपस्थितमा बसी निम्न बमोजिमका निर्णयहरू गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | ई. श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री श्यामकुमार अधिकारी | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री खीरमान सिंह बस्नेत (पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |

CamScanner

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य | श्री श्याम दानकोटी | |
| २१ | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| ३ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ४ | क.अ. | श्री अकिल अमात्य | |

**विषयवस्तुहरू:**

१. संघीय समपूरक र विशेष अनुदान सम्बन्धमा,
२. धरौटी सदरस्याहा सम्बन्धमा,
३. भवन संरचनाको नक्सा नियमित/अभिलेखिकरण सम्बन्धमा,
४. कीर्तिपुर नगर संस्कृतिक संरक्षित क्षेत्र सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९ सम्वन्धमा,
५. मध्यकालिन खर्च संरचना तर्जुमा गर्ने सम्बन्धमा,
६. कोशेली घरका सटर खाली गराउने सम्बन्धमा,
७. नगरसभाको अधिवेशन सम्बन्धमा,
८. कीर्तिपुर नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ परिमार्जन गर्ने सम्बन्धमा,
९. सहरी स्वास्थ्य केन्द्रहरुको दरवन्दी सम्बन्धमा,
१०. दीर्घकालिन शिक्षण योजना तर्जुमा सम्बन्धमा,
११. विविध ।

CamScanner

**निर्णय नं. १**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले संघीय समपूरक अनुदान र संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमको लागि मिति २०७९/०८/१९ गते प्रस्ताव आह्वान गरेको हुँदा यस नगरपालिकामा समपूरक अनुदान र विषेश अनुदानका लागि निम्न आयोजना/कार्यक्रम छनौट गरी पठाउने निर्णय गरियो ।

क) समपूरक अनुदानका लागि छनौट भएका आयोजना/कार्यक्रम

१. कीर्तिपुर नगरपालिका वडा नं २ र चन्द्रागिरी नगरपालिकाको वडा नं १५ सिमानामा पर्ने मुलखुसीमा जल क्रिडा केन्द्र (Water Recreation Centre)
२. कीर्तिपुर नगरपालिका वडा नं १० मा रहेको सहिद स्मारक कलेज भवन निर्माण
३. कीर्तिपुर नगरपालिका वडा नं १ मा अवस्थित नारायण मन्दिर जिर्णोद्वार

ख) विशेष अनुदानका लागि छनौट भएका आयोजना/कार्यक्रम

१. कीर्तिपुर नगरपालिका वडा नं ६ मा पर्ने टौदह पोखरी पूर्व पट्टी बागमती नदी कटान तथा भू-क्षय नियन्त्रण
२. कीर्तिपुर नगरपालिका वडा नं ४,५ र ६ वडा मा अवस्थित सिम्ले खोला वोसन खोलामा भू-क्षय नियन्त्रण
३. सिम दुधपोखरी श्रीपाली धारा वृहत खानेपानी आयोजना

**निर्णय नं. २**

यस नगरपालिकामा गत विगतदेखि म्याद नाघेको धरौटी रकम मध्ये यस आ.व. २०७८।०७९ को महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनको दफा १६ मा उल्लेख गरिए वमोजिमको रकम रु २७,९२,२९८।६८ (सत्ताइस लाख बयानब्वे हजार दुइ सय अन्ठान्ब्वे पैसा अठ्सठ्ठी) मात्र सदरस्याहा गर्न सरोकारवालाहरूलाई १५ दिने सूचना दिने र सो अविधिमा पनि माग गर्न नआएमा सदरस्याह गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कीर्तिपुर नगरपालिकामा रहेका भवन संरचनाको नियमित/अभिलेखिकरण गर्ने सम्बन्धमा मिति २०७७ असार ३१ गते बसेको सातौ नगरसभाको निर्णय अनुसार मिति २०७६ असार मसान्तसम्म निर्माण भएको भवन संरचनाको नियमित/अभिलेखिकरण गर्ने कार्य हुँदै आएकोमा मिति २०७९ साउन ३० गतेको कार्यपालिका बैठकबाट २०७४/०६/२९ गतेसम्म निर्माण भएका भवन संरचनाको नियमित/अभिलेखिकरण गर्न अन्तिम पटकका लागि ३५ दिने सूचना जारी गर्ने निर्णय भएको । सो सम्बन्धमा जनगुनासो प्राप्त भएको, जारी भएको सूचनाको म्याद सकिएको र हालसम्म म्यादथपको सूचना जारी नभएको हुँदा भवन नक्सा नियमित/अभिलेखिकरण



CamScanner

सम्बन्धमा नगरसभाबाट अनुमोदन गराउने गरी नगरपालिकाबाट भएको निम्नानुसारको कार्यलाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

क) नगरपालिकाबाट स्वीकृती लिई मिति २०७६ साल असार मसान्तसम्म निर्माण सम्पन्न भएका वा न.पा.बाट स्वीकृती नलिई मिति २०७४/०६/२९ सम्म निर्माण सम्पन्न भैसकेका भवन/संरचनाहरूको घर नक्सा नियमित/अभिलेखिकरणको लागि मिति २०७४/१२/०१ गते जारी भएको सूचनाको म्याद ३५ दिन थप गरी सार्वजनिक सूचना पत्र पत्रिकामा प्रकाशित गर्ने ।

ख) सम्बन्धित वडा कार्यालयबाट प्राप्त सर्जमिन मुचुल्का र प्राविधिक प्रतिवेदनका आधारमा निर्माण भएको घर बमोजिमको नक्सामा रहेको मापदण्ड बाहिरको क्षेत्रलाई प्रचलित मापदण्ड अनुसार रातो चिन्ह (Red Line) कोरी कैफियत जनाई पूरै क्षेत्रफलको प्रचलित दरमा राजश्व (पहिला नक्सा पास गरेकालाई पहिलाको क्षेत्रफल बराबर राजश्व घटाई) र राजश्वको दोब्बर जरिवाना लिने साथै भवन संरचना निर्माण भएको मितिदेखि हालसम्मको सम्पत्ति कर समेत लिई नियमित/अभिलेखिकरण गर्ने । नगरपालिका गठन हुनु पूर्वका भवन/संरचनाको हकमा प्रति वर्ग फिट रु.५/- राजश्व मात्र लिई अभिलेखिकरण गर्ने ।

ग) प्रचलित मापदण्ड बमोजिम निर्माण सम्पन्न भएका तर स्थायी ईजाजत प्रमाण पत्र लिई तोकिएको म्याद ४ बर्ष नाघी निर्माण सम्पन्न प्रमाण पत्र लिन बाँकी रहेकाहरूलाई पूरै क्षेत्रफलको प्रचलित दर रेटमा-१००% जरिवाना लिई नियमित गर्ने ।

**निर्णय नं. ४**

कीर्तिपुर नगर संस्कृतिक संरक्षित क्षेत्र सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९ सम्बन्धी पेश भएको मस्यौदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नगरपालिकाको वजेट, योजना र कार्यक्रमवीच समुचित समन्वय र समान्जष्यता कायम गर्न र योजना र कार्यक्रम वीचमा दाहोरोपना हुन नदिनका लागि तत्काल मध्यकालिन खर्च संरचना (MTEF) तयार गरी कार्यपालिकाको वैठकमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

कीर्तिपुर नगरपालिका वडा नं १० स्थित कभर्डहल सँगै रहेका कोसेली घरका सटरहरू नगर खेलकुद विकास समितिलाई व्यवस्थापन गर्न जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

आगामी २०७९ पौष २८ गते बिहिवार देखि नगरसभाको हिउँदे अधिवेशन आह्वान गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. ८**

कीर्तिपुर नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ समायानुकुल परिमार्जन गर्न सुशासन समितिका संयोजक श्री दिनेश श्रेष्ठको संयोजकत्वमा देहाय बमोजिमको कार्यदल गठन गर्ने र सो कार्यदलले १५ दिन भित्र राय सहितको प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) श्री दिनेश श्रेष्ठ - संयोजक
ख) श्री प्रविन कुमार शाही - सदस्य
ग) श्री जनक थापा - सदस्य सचिव

**निर्णय नं. ९**

सहरी स्वास्थ्य केन्द्रहरुको दर्ता र कार्यरत कर्मचारीहरूको दरबन्दी सम्बन्धमा अध्ययन गरी राय सहितको प्रतिवेदन पेश गर्न प्रशासन शाखा प्रमुख श्री जनक थापाको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्ने र सो समितिले १५ दिन भित्र राय सहितको प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) श्री जनक थापा - संयोजक
ख) श्री निशा बास्कोटा - सदस्य
ग) श्री सन्तमान मानन्धर - सदस्य सचिव

**निर्णय नं. १०**

कीर्तिपुर नगरपालिकाको विनियोजन ऐन, २०७९ मा उल्लेखित सामाजिक विकास क्षेत्र (आ) अन्तर्गत शिक्षा (ग) १७ मा दीर्घकालीन शिक्षण योजना तर्जुमा गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यका लागि शिक्षा क्षेत्रका विज्ञहरुको समिति र आवश्यकता अनुसार कार्यदल बनाई कीर्तिपुर नगरपालिकाको दीर्घकालीन शिक्षण योजनाको मस्यौदा तयार गर्न नगर शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

कीर्तिपुर नगरपालिका क्षेत्रभित्र रक्त सञ्चार कार्यक्रम सञ्चालन गर्दा सबै रक्तदान कार्यक्रमलाई प्रति रक्तदाता खाजा बापत रु. २५०।- उपलब्ध गराउदै आएकोमा अब उप्रान्त नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय रक्त सञ्चार केन्द्रसँग समन्वय गरी आयोजना गरिएको रक्तदान कार्यक्रमलाई मात्र खाजा खर्च रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

नगरसभाबाट अनुमोदन गराउने र नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी यस नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीलाई औषधि उपचार खर्च स्वरुप बिल भर्पाइ बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner